
annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १२६ पृष्ठ ८ | काठमाडौं, मंगलबार १८ भदौ २०८१ | भाद्र शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४४ | TUESDAY, SEPTEMBER 3, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# पुरुषलाई पनि स्तन क्यान्सर



स्तन क्यान्सर (ब्रेस्ट क्यान्सर) ! यो सुन्नेबित्तिकै प्रायःले सिधै अनुमान गर्छन्, पीडित व्यक्ति पक्कै महिला हुनुपर्छ । तर, त्यसो होइन । स्तन क्यान्सरको शिकार पुरुषहरू पनि भएका छन् । 'यति थाहा पाउनै पर्छ कि पुरुषमा पनि स्तन क्यान्सर देखिने क्रम बर्सेनि बढ्दो छ,' वरिष्ठ क्यान्सर रोग विशेषज्ञ एवं सर्जनहरू भन्छन्, 'स्तन क्यान्सर महिलामा मात्र सीमित छैन । यो पुरुषहरूमा पनि देखिँदै गएको छ ।' अमेरिकामा १ सय जना स्तन क्यान्सरका बिरामीमध्ये एक जना पुरुषमा स्तन क्यान्सर हुने गरेको तथ्यांकले देखाउँछ ।

समाचार पृष्ठ २

**दिनेश गौतम** | *काठमाडौं*
**केशरराज क्षेत्री** | *बुटवल*
**– को रिपोर्ट**

**यी हुन् लक्षणहरू :**

- स्तनमा नयाँ गिर्खा तथा गाँठोहरू देखिनु
- स्तनको आकार र प्रकारमा परिवर्तन आउनु
- स्तन दुख्नु वा सुन्निनु



- स्तनमा खाल्टो पर्नु
- स्तनको मुन्टोबाट रगत अथवा तरल पदार्थ आउनु
- शरीरको अनावश्यक तौल घट्नु

## नागरिकका लागि गरिएको विकास दिगो हुन्छ



**बुद्धनारायण साहनी केवट**

इजलास

मानव अधिकारको दृष्टिकोणले मुख्यतः दुई विषय हुन्छन्। एउटा नागरिक तथा राजनीतिक अधिकार र अर्को सामाजिक तथा सांस्कृतिक अधिकार। नागरिक तथा राजनीतिक अधिकारमा व्यक्तिको स्वतन्त्रता, समानताको अधिकार र सामाजिक तथा सांस्कृतिक अधिकारमा आर्थिक, सामाजिक तथा भौगोलिक अवस्था चुनौतीपूर्ण छ।

गरिबी एउटा यस्तो मल्टिपल डाइभर्सन हो। तर, त्यो नागरिकको अधिकार सम्बोधन हुन सकेको छैन। जस्तो कि आधारभूत शिक्षा, स्वास्थ्य, बालविवाहलगायत अन्य विषयवस्तुहरू प्रभावित भइरहेको छ। घरेलु हिंसा, दाइजो प्रथालगायत आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारभित्र पर्ने विषयहरू मानवअधिकारको चुनौतीभित्र पर्छन्।

सामूहिक अधिकारभित्र एक, दुई जना मात्र प्रभावित नभएर, एउटा समूह वा समुदाय वा गाउँटोल नै प्रभावित भइरहेको हुन्छ। वातावरणीय अधिकार संविधानले नै मौलिक हकको रूपमा स्थापित गरेको छ। तर कानुनी रूपमा चुनौतीपूर्ण छ। प्राकृतिक स्रोत तथा साधनको सही प्रयोग नहुनु, धुवाँ, धुलो, दूषित पानी नियन्त्रण र समुचित व्यवस्थापन नहुनुजस्ता विषयले एक जनामात्र नभई समाजलाई नै प्रभावित गरिरहेको हुन्छ।

अहिले नेपालभरि वा मधेसमा विकासको नाममा कलकारखाना खुलिरहेका छन् तर ईआईए, आईईईलगायतको प्रक्रिया पूरा भए पनि पब्लिकको जानकारीमा हुँदैन। जनतालाई ढाँटेर पब्लिकलाई थाहै नदिई भित्रभित्रै मिलाइसकेको हुन्छ। जनताले आफ्नो गाउँठाउँमा के भइरहेको छ भन्ने जान्न पाउने अधिकार हुँदाहुँदै पनि थाहा नदिई चोर बाटोबाट लुकाइछिपाइ काम गरिरहेको हुन्छ। नागरिकलाई नकारात्मक प्रभाव पर्ने गरी गरिएको विकास दिगो र मानव अधिकारको दृष्टिकोणले विकास नभई विनाश हो।

*(केवट, राष्ट्रिय मानव अधिकार आयोग मधेस प्रदेशका प्रमुख तथा सहसचिव हुन्।)*

## 'माओवादी फुट्छ ?' प्रश्नले प्रचण्ड हैरान

**राजकरण महतो** | *काठमाडौं*

- पार्टीभित्र र बाहिर 'माओवादी फुट्दै छ' भन्ने तरंग पैदा भएको थियो।
- बाँके पुगेका अध्यक्ष प्रचण्डले नयाँ पुस्तालाई साथमा लिएर अघि बढ्ने विश्वास दिलाउँदै छन्।



माओवादी केन्द्रका नेताहरू देश दौडाहामा छन्। अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) पार्टी पदाधिकारीको सिंगो टिम लिएर मैदानमा उत्रिएका छन्। माओवादी पार्टी नै लथालिंग र भत्ताभुंग छ। यसबारे पदाधिकारी र स्थायी कमिटीमा हालै चर्को बहस भएको थियो। त्यसमा प्रचण्डको कडा आलोचना पनि नभएको होइन। नेतृत्व हस्तान्तरण गर्नुपर्नेसम्मका एजेन्डाहरू उपमहासचिव जनार्दन शर्मासहितले लिखित रूपमा उठाएका थिए। जसले पार्टीभित्र र बाहिर 'माओवादी फुट्दै छ' भन्ने अर्को तरंग पैदा भएको थियो।

पार्टी संगठनको 'नाडी छाम्न' अध्यक्ष प्रचण्ड यतिखेर पश्चिम नेपालमा छन्। 'पार्टी फुट्दै छ ?' भन्ने प्रश्न गम्भीर ढंगले त्यता पनि उठिरहेको छ। यो प्रश्नले पछिल्लो समय दाहाल हैरान छन् पार्टीभित्र र बाहिर पनि। यसलाई चिर्न माओवादी मुख्यालयले 'पार्टी एक ढिक्का' रहेको नेता कार्यकर्तालाई नयाँ सर्कुलर नै जारी गर्नु परेको छ।

पार्टी शुद्धीकरण र रूपान्तरणका लागि पदाधिकार र स्थायी समितिमा विहंगम छलफल भएको स्पष्ट गर्दै सर्कुलर आएको महोत्तरी जिल्ला इन्चार्ज राजु खड्काले पुष्टि गरेका छन्। पार्टी उपमहासचिव शर्माले पार्टीको नेतृत्व हस्तान्तरण गर्नुपर्ने बैठकमा लिखित रूपमा एजेन्डा पेस गरेका थिए। त्यसपछि माओवादीभित्र जकडिएको विवाद, मतभेद बाहिर आएको हो।

'पार्टी फुट्न लागेको हो ?' भन्ने कार्यकर्ता र नेताहरूको प्रश्नलाई माओवादी मुख्यालय पेरिसडाँडाले स्पष्ट पार्दै भनेको छ, 'त्यसो होइन। पार्टी एकताबद्ध छ।' यसअघि स्थायी कमिटी बैठकमा उपमहासचिव शर्माले सबै कुरा स्पष्ट पारिसकेकाले त्यस्तो कुनै सम्भावना नरहेको माओवादीले दाबी गरेको छ।

'पछिल्लो समयमा कतिपय सन्दर्भमा हाम्रो पार्टी विभाजन हुँदैछ भनी जसरी चर्चा, परिचर्चा चलिरहेको र त्यसमा पनि उपमहासचिव जनार्दन शर्मा प्रभाकरले पार्टी फुटाउँदै छन् भन्ने प्रचारमा कुनै सत्यता छैन', पार्टी सर्कुलरमा भनिएको छ, 'तर, पार्टीभित्र निजी स्वार्थ केन्द्रित गुट, उपगुटजन्य प्रवृत्तिहरू छन्।' त्यसलाई निरुत्साहित गर्दै पार्टीलाई नयाँ उचाइमा एकताबद्ध गर्दै लैजानुपर्ने आवश्यकतामाथि जोड दिइएको छ।

पार्टीको बैठकका क्रममा बाँके पुगेका अध्यक्ष प्रचण्डले नयाँ पुस्तालाई साथमा लिएर अघि बढ्ने विश्वास दिलाएका छन्। उनले सबै क्षेत्रमा युवालाई साथमा लिएर मात्रै नयाँ एजेन्डा पूरा गर्न सकिने जिकिरसमेत गरे। 'पार्टीभित्र एउटा सिस्टम बसालेर अर्को भूमिकामा जाने सोच छ', उनले भने, 'मैले पार्टीको नेतृत्व गरेको ३५–३६ वर्ष पुगिसक्यो। पार्टी नेतृत्व भनेको आन्दोलन र इतिहासको मूल्यांकनबाट तय हुन्छ, विधिबाट आउँछ।' पार्टीमा नयाँलाई स्थान दिन कन्जुस्याइँ नगरेको प्रचण्डको कथन थियो। 'सधैं म मात्र नेतृत्वमा बसिरहनुपर्छ भन्ने पनि होइन, सिस्टम बनाएर उत्तराधिकारी तयार गर्ने विषयमा छलफल भइरहेको छ', उनले भने, 'पार्टीको आवश्यकता, साथीहरूको जोडबल र जनभावनाले गर्दा ३५/३६ वर्षदेखि मैले नेतृत्व गरिरहेको छु, अब सिस्टम बनाएर अर्को भूमिकामा जाने सोचमा छु।'

» बाँकी पृष्ठ ६

## एनसेलको लाइसेन्स नवीकरण

Ncell

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले निजी दूरसञ्चार कम्पनी एनसेललाई पाँच वर्षका लागि नवीकरण गरेको छ। एनसेलले आइतबार थप एक अर्ब रुपैयाँ भुक्तानी गरेपछि सरकारले पाँच वर्षका लागि नवीकरण गरेको हो। यसअघि एनसेलले चार अर्ब रुपैयाँ भुक्तानी गरेको थियो।

नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक सन्तोष पौडेलले कुल ५ अर्ब रुपैयाँ भुक्तानी गरेपछि एनसेललाई नवीकरण गरिएको बताए। उनका अनुसार एनसेलले यसअघि जेठ १४ गते ४ अर्ब रुपैयाँ भुक्तानी गरेको थियो।

मन्त्रिपरिषद् बैठकले गत भदौ १३ गते सर्तसहित एनसेलको लाइसेन्स नवीकरण गर्ने निर्णय गरेको थियो। एनसेलले नवीकरणबापत तिर्नुपर्ने रकम चार किस्तामा बुझाउनुपर्ने सरकारले सर्त राखेको छ। किस्ताहरू तिर्दा १० प्रतिशत ब्याज लिने निर्णयसमेत सरकारले गरेको छ। एनसेलले एक पटकमा झन्डै २५ करोड रुपैयाँ हाराहारी नवीकरण शुल्क तिर्नुपर्ने छ।

## गाँजा तस्करी गर्ने गाडी वकिल र प्रहरीको मिलोमतोमा छोडियो

**गोविन्द महतो** | *जनकपुरधाम*

जिल्ला प्रहरी कार्यालय धनुषा र जिल्ला सरकारी वकिल कार्यालयको मिलेमतोमा गाँजा लुकाउन र तस्करी गर्न प्रयोग भएको गाडी छोडेको पाइएको छ। गाँजा तस्करीमा प्रयोग भएको गाडी छोड्न जिल्ला सरकारी वकिल र जिल्ला प्रहरी कार्यालय धनुषाले मिसिल नै तयार पारेर छोडेको पाइएको हो।

गत जेठ १३ गते धनुषाको जनकपुरधाम उपमहानगरपालिका १४ मुजेलियाबाट सुरक्षामा खटिएको प्रहरी टोलीले राति पौने तीन बजे ढल्केबरबाट जनकपुरधामतर्फ आइरहेको सिल्भर कलरको स्कारपियो गाडी खानतलासी गर्दा ४१.५ किलोको ६ वटा पोकामा करिब २ सय ५० किलोग्राम गाँजा बरामद गरिएको थियो। गाँजासँगै बागमती प्रदेश १-०२७ च १९७७ नम्बरको स्कारपियो गाडी र तीन जनालाई नियन्त्रणमा लिएको थियो।

स्कारपियो गाडीमा सवार चार जनामध्ये तीन जनालाई प्रहरीले नियन्त्रणमा लिए पनि एक जना फरार भए। बरामद गाडीबाट ६ वटा पोकामा करिब अढाइ क्विन्टल गाँजा बरामद गरियो। सुरक्षाकर्मीले गाडी र गाँजा जिल्ला प्रहरी कार्यालय धनुषामा बुझाए। तर, सरकारी वकिलको कार्यालयले तयार पारेको मिसिलमा गाँजा ओसार-पसारमा प्रयोग गरिएको गाडी सञ्चालक जिल्ला सर्लाही हरिवन नगरपालिका १० का रितेश श्रेष्ठको बयानको आधारमा छाडिएको छ। श्रेष्ठले आफ्नो बयानमा भनेका छन्, 'मैले मेरो गाडी लागूऔषध गाँजासहित प्रहरीले नियन्त्रणमा लिएको एउटा समाचार पोर्टलमा पढेर थाहा पाएको हुँ।' तर, त्यस दिन कुनै पनि अनलाइन पोर्टलमा यो समाचार प्रकाशन भएको थिएन।'

घटनामा सर्लाही हरिवन नगरपालिका-२ बस्ने २३ वर्षीय विशाल ठोकरसहित उनको काकाको छोरा २० वर्षीय अर्पण ठोकर र हरिवन नगरपालिका-८ बस्ने ३० वर्षीय प्रेम श्रेष्ठ भन्ने नेत्रबहादुर श्रेष्ठ पक्राउ परेका थिए। सर्लाहीकै अनिल लामा फरार भए। प्रहरीको मिसिलमा सर्लाहीका लामाले भनेका छन्, 'पक्राउ परेका ठोकरद्वयलाई ८ हजार र गाडी चालक श्रेष्ठलाई भाडाबापत ५० हजार दिन्छु भनेका थिए। तीनै जनालाई सर्लाहीबाट जनकपुरधाम विमानस्थलसम्म छाड्ने कुरा भएको छ।' पक्राउ परेकाहरूले बयानमा भनेका छन्।



जिल्ला न्यायाधिवक्ता सुदीप दंगालले गाडी सञ्चालकले आफ्नो गाडी भाडामा लगाएको र गाँजा ओसार-पोसारका बारेमा जानकारी नरहेको बताएपछि गाडी छाडेको तर्क प्रस्तुत गरे। न्यायाधिवक्ता दंगालले गाडी भाडा वा अन्य प्रायोजनका लागि प्रयोग गरिएको जसमा गाडी धनीको संलग्नता नदेखिएकाले गाडी छाडेको समेत बताए। तर, यातायात कार्यालय सर्लाही, मलंगवाका प्रमुख राकेश यादवले कुनै पनि रातो नम्बर प्लेटका सवारीसाधन भाडामा लगाउन नपाउने यातायात विभागको निर्देशिकामा उल्लेख रहेका कारण रातो नम्बर प्लेटका सवारी साधन भाडामा लगाउन नपाउने बताउँछन्। 'सवारी तथा यातायात व्यवस्था ऐन २०४९ मा गाडी भाडामा लगाउने हो भने कालो नम्बर प्लेट राख्नुपर्ने अनिवार्य व्यवस्था छ', उनले भने, 'रातो नम्बर प्लेट गाडी भाडामा चलाउनेलाई नेपाल सरकारले तोकेअनुसार कारबाहीको भागी बन्नुपर्छ।'

सरकारी वकिलको कार्यालयले तयार पारेको मिसिलमा पटक-पटक त्यो स्कारपियोको संलग्नता गाँजा तस्करीमा गरिए पनि गाडीका सञ्चालकको कुनै संलग्नता नरहेको उल्लेख छ। कानुनी प्रावधानले गरेको व्यवस्थालाई समेत सरकारी वकिल कार्यालयले बेवास्ता गरेकाले उक्त सवारी साधनलाई बचाउन लागेको स्पष्ट बुझ्न सकिने कानुन व्यवसायीहरूको भनाइ छ।

» बाँकी पृष्ठ ६